# चार



**बबिता बस्नेत**

**बबिता बस्नेत** *घटना र विचार* साप्ताहिकमा सम्पादक हुनुहुन्छ। उहाँ महिला र पत्रकारिताका विभिन्न मुद्दामा सक्रिय संस्था- सञ्चारिका समूह नेपालकी अध्यक्ष समेत हुनुहुन्छ। वि.सं. २०४७ मा साप्ताहिक *नेपाली पत्र*को संवाददाताको रूपमा पत्रकारितामा पाइलो हालेपछि उहाँ रेडियो र छापामार्फत यस क्षेत्रमा निरन्तर सक्रिय हुनुहुन्छ। २०५१ सालमा नयाँ दिल्लीस्थित इण्डियन इन्स्टिच्यूट अफ मास कम्युनिकेसनबाट आधारभूत पत्रकारिता तालिम लिएपछि उहाँको पत्रकारिता जीवन खारिँदै गयो। वि.सं. २०५३ देखि २०५५ सम्म उहाँ रेडियो नेपालमा 'घटना र विचार' कार्यक्रममा संवाददाता र प्रस्तोता हुनुहुन्थ्यो। त्यसपछि उहाँ *घटना र विचार* साप्ताहिकको सम्पादक हुनुभयो र हालसम्म पनि त्यही रूपमा क्रियाशील हुनुहुन्छ। बस्नेतले सरकारद्वारा गठित मिडियासम्बन्धी विभिन्न सुझाव कार्यदल र आयोगमा सदस्यको रूपमा पनि काम गरिसक्नुभएको छ। उहाँको सम्पादन/सहसम्पादनमा प्रकाशित चार पुस्तकहरूमध्ये *सञ्चारमाध्यम र निर्वाचन* र *सञ्चारको मूल प्रवाहमा लैङ्गिक समानता : अनुगमन प्रतिवेदन* नेपाली मिडियासम्बन्धी हुन्।

**सम्पादकको रूपमा *घटना र विचार*मा तपाईंको भूमिका के हुन्छ ? कस-कससँग कस्तो सम्बन्ध राखेर काम गरिन्छ ?**

सम्पादकको रूपमा मेरो भूमिका समाचारका सम्भावित विषयहरूमा साथीहरूसँग छलफल गर्नु, प्रकाशित समाचार र तिनले पारेको प्रभाव, पाठकहरूबाट आएको प्रतिक्रिया आदिका बारेमा जानकारी लिनु र दिनु, खोजी गर्नुपर्ने समाचारका विषयहरू निक्यौल गर्नु र आफूले पनि खोज्नु, प्राप्त समाचारहरूको पुष्टि गर्ने कोसिस गर्नु र सामग्रीहरूको सम्पादन गर्नु हो । यसका अलावा पत्रिकाका नियमित स्तम्भहरू, अन्तर्वार्ता, चिठ्ठीपत्र आदिका विषयमा साथीहरूसँग छलफल गरी के कसरी छाप्ने भन्ने टुङ्गोमा पुगिन्छ । हामीकहाँ संवाददाताहरूको सङ्ख्या न्यून छ, जिल्लाका संवाददाताहरूसँग घटनाप्रधान कुरामा मात्रै समय समयमा छलफल गर्ने गरिएको छ । पत्रिकामा प्रकाशित हुने सामग्रीहरूका बारेमा विशेष गरी कार्यकारी सम्पादक जयप्रकाश त्रिपाठी र संस्थापक प्रधान सम्पादक देवप्रकाश त्रिपाठीसँगको समन्वयमा काम गरिन्छ । समाचार सामग्री व्यवस्थापनका लागि जयप्रकाशजी *घटना र विचार*को मेरुदण्ड नै हो । साथै अन्य संवाददाता साथीहरूसँग पनि विभिन्न विषयहरूमा नियमित छलफल गरिन्छ । *घटना र विचार*मा हामीमध्ये कुनै एक जना मात्र हावी हुने होइन, बरू 'टिम वर्क' को रूपमा काम गर्छौं ।

**साप्ताहिक पत्रिकाको सम्पादकका मुख्य चुनौती के के हुन् ?**

साप्ताहिक पत्रिकाको चुनौती नै साप्ताहिक पत्रिकाको सम्पादकका चुनौती हुन् । धेरै जसो साप्ताहिक पत्रिकाहरू आफ्नै दुःखजिलोले चलेका छन्, यिनमा व्यवस्थापन पक्ष र सम्पादन कार्यमा खट्ने मानिसहरू प्रायः आफैं छन् । छुट्टै या ठूलो लगानीकर्ता नभएको अवस्थामा साप्ताहिक पत्रिकाको सबैभन्दा ठूलो चुनौती आर्थिक अवस्था नै बन्न पुगेको छ । विज्ञापनको अभाव छ, वितरण व्यवस्थापनमा लापरवाही छ । जिल्लामा पठाएका पत्रिकाका मुठाहरू कहिलेकाहीँ हप्तौँपछि बस पार्कमा फेला पर्छन् । जिल्ला जिल्लामा विक्री भएका पत्रिकाको पैसा उठाउन त्यस्तै गाह्रो छ । यसका अलावा साप्ताहिक पत्रिकाहरूलाई बढी विश्वसनीय र जिम्मेवार बनाउनुपर्ने चुनौती पनि त्यत्तिकै छ ।

**भन्नाले अहिले साप्ताहिक पत्रिकाहरू कम विश्वसनीय र कम जिम्मेवार छन् भन्ने आशय हो तपाईंको ?**

यसलाई बढी विश्वसनीय र अझ बढी जिम्मेवार बनाउन बाँकी छ भनेर बुझ्नु राम्रो होला ।

**पञ्चायतकालमा सरकारी सञ्चारमाध्यमका दह्रो विकल्पका रूपमा साप्ताहिक पत्रिका देखा परेका थिए। तर ५० को दशकमा निजी क्षेत्रबाट दैनिक आएपछि साप्ताहिक पत्रिका ओझेलमा परेका छन् भनिन्छ। विज्ञापन पनि कमै देखिन्छ साप्ताहिक पत्रिकामा। यस्तो अवस्थामा यी कसरी चलिरहेका छन् ?**

सानो लगानीका संस्था हुने हुनाले साप्ताहिक पत्रिकाहरूले राष्ट्रिय मुद्दाहरूमा ठूलो लगानीका अखबारले भन्दा बढी जोखिम उठाएर काम गर्न सक्ने सामर्थ्य राख्दछन् । पञ्चायतकालमा मात्र होइन, २०६१ सालमा राजाबाट भएको 'कू' को विरुद्धमा पनि सबैभन्दा पहिले सशक्त ढङ्गले प्रतिरोध गर्नेमा साप्ताहिक पत्रिकाहरू नै थिए । ठूलो लगानीका दैनिक अखबारहरू त परिस्थितिको अध्ययन, विश्लेषण गरिकन निकै पछाडि मात्रै लोकतन्त्रको पक्षमा उभिन आइपुगेका हुन् ।

हो, साप्ताहिक पत्रिका आर्थिक रूपमा निकै कष्टप्रद अवस्थाबाट गुज्रिरहेका छन्, तथापि यसमा संलग्न अधिकांश पत्रकारहरूले पेशाप्रतिको प्रतिबद्धताका कारण अखबारलाई निरन्तरता दिइरहेका छन् । वर्षौंदेखि पत्रकारिता गरिरहेको मानिस अखबारको बजार घट्यो भनेर अर्को पेशामा हाम फाल्न पनि त सक्दैन । त्यसैले बिग्रँदो आर्थिक अवस्थाका बीच पनि साप्ताहिक पत्रिकाहरू निस्किरहेका छन् । पत्रिका चलाउने क्रममा कतिले घरको पूँजी रित्याएका छन् भने कतिले चाहिँ अन्य व्यवसायमा संलग्न हुँदै पत्रिका चलाएका छन् । तर बिक्रीको पैसा समयमा उठ्ने हो भने कम्तीमा 'क' वर्गका साप्ताहिकहरूलाई त्यति धेरै अप्ठ्यारो परिस्थिति छैन ।

**दैनिकले दिनदिनै ताजा समाचार दिएकै छन्। समाचार विश्लेषणका लागि पाक्षिक र साप्ताहिक म्यागजिन छँदैछन्। यस्तो अवस्थामा ट्याबलोइड साप्ताहिक किन चाहियो त ?**

सञ्चारमाध्यम कुन चाहिँ किन चाहियो भन्ने हुँदैन रहेछ। संसारमा सञ्चारको विकास भएको त्यत्ति धेरै भएको छैन । पहिला जति बेला रेडियो आयो त्यति बेला अब त अखबारहरूको के काम छ र ? भनेझैँ गरिन्थ्यो । पछि टेलिभिजन आएपछि देख्न सुन्न दुवै हुने टेलिभिजन हुँदाहुँदै रेडियो किन चाहियोझैँ लाग्थ्यो । अहिले इन्टरनेटको जमाना छ तर अखबारको महत्त्व घटेको छैन। हरेक सञ्चारमाध्यमको आ-आफ्ना लक्षित समूह हुन्छन्, अखबारका आफ्नै पाठक हुन्छन् । साप्ताहिक पत्रिका, म्यागेजिन र दैनिक पत्रिकाबीच ठूलो भिन्नता हुन्छ । यद्यपि हुनुपर्ने त्यो भिन्नताको अभ्यास भने हामीकहाँ अत्यन्त कम मात्रामा

भएको पाइन्छ । साप्ताहिक पत्रिकाले मूलतः दुईओटा कुरामा ध्यान दिएको हुन्छ, दिनुपर्ने हुन्छ– अनुसन्धान र विचार विश्लेषण एवं टिप्पणी । दैनिक पत्रिकाको काम समाचार दिने हो, विचार विश्लेषण र टिप्पणी गर्ने होइन तर हामीकहाँ यी दुवै अभ्यासहरू दैनिक र साप्ताहिक दुवैमा भएको पाइन्छ । यसमा म एउटा उदाहरण दिन चाहन्छु, चीनमा *चाइना* दैनिकले अन्य दुईओटा साप्ताहिक पत्रिका पनि प्रकाशित गर्छ– एउटा मनोरञ्जन प्रधान र अर्को विचार विश्लेषण र खोजी समाचार प्रधान । *चाइना* दैनिक दिनको तीन लाख छापिँदा मनोरञ्जनमूलक साप्ताहिक हप्ताको ३० लाख छापिन्थ्यो र विचार, विश्लेषण र टिप्पणी प्रधान साप्ताहिक भने हप्ताको दस हजार छापिन्थ्यो । दस वर्षअघि त्यसका प्रकाशकहरूको भनाइ थियो– सबैभन्दा सन्तुष्टि चाहिँ हामीलाई दस हजारवालाले दिन्छ किनभने यो पत्रिका पढ्ने मानिसहरू बौद्धिक र प्रभावशाली हुन्छन् । त्यसैले यहाँ पनि यो कुरा लागू हुन्छ । दैनिक र साप्ताहिक पत्रिकाका पाठक उस्तै छैनन् । साप्ताहिक पत्रिकाको पाठक र लक्षित समूह नै फरक छन् ।

***घटना र विचार*का लक्षित समूहमा कस्ता पाठक पर्छन् त ?**

बौद्धिक राजनीतिकर्मी, राजनीतिमा रुचि राख्ने र विभिन्न क्षेत्रमा निर्णायक प्रभाव पार्न सक्ने हैसियत भएका व्यक्ति हाम्रा लक्षित समूह हुन् । यसको मापनको आधार त्यस्ता व्यक्तिहरूबाट प्राप्त हुने प्रतिक्रिया र समाचारले पार्ने प्रभाव हो ।

**साप्ताहिक पत्रिकाले जनशक्ति टिकाउन सकेको देखिँदैन । काम सिक्ने र दैनिक या म्यागजिनमा जाने प्रवृत्ति बढ्दो छ । यसले कस्तो असर परेको छ ?**

हो, पत्रकारिताको पाठशाला जस्तै बनेका छन् साप्ताहिक पत्रिकाहरू । यसलाई अर्को शब्दमा पत्रकारिताको अभ्यास गर्ने तालिम केन्द्र भने पनि हुन्छ । विश्वभरिका दक्ष वैज्ञानिकहरूलाई नासाले तानेझैँ पत्रकारितामा पनि दक्षता बढ्दै गएपछि साप्ताहिकबाट दैनिक पत्रिका या म्यागेजिनमा जाने या तान्ने प्रवृत्ति बढेको छ । साप्ताहिक पत्रिकाले दक्ष जनशक्तिको अभाव सधैँ महसुस गरिरहेको अवस्था छ, जसले साप्ताहिक पत्रिकाको संस्थागत विकासमा समेत व्यवधान पैदा गरेको छ ।

**पत्रकारितामा महिला कम छन् । साप्ताहिक पत्रिकामा त झन् कम छन् । तपाईं त लामो समयदेखि यसैमा हुनुहुन्छ । यही क्षेत्रमै टिकिरहन के ले आकर्षण गरेको हो तपाईंलाई ?**

मेरो पत्रकारिता पेशाको सुरुआत नै साप्ताहिक पत्रिकाबाट भएको हो । मैले *नेपालीपत्र*मा लगातार सात वर्ष काम गरेँ, केही समय रेडियो नेपालको *घटना र विचार* कार्यक्रममा पनि काम गरे । त्यति बेला कतिपय अग्रजहरूले टेलिभिजनमा जाने सुझाव पनि दिनुभएको थियो । तर साप्ताहिक पत्रिकाप्रतिको मेरो लगावले अन्य सञ्चार संस्थामा जान प्रेरित गरेन । *नेपालीपत्र,* जुन मेरो पत्रकारिताको स्कुल पनि हो, त्यहाँ काम गर्दा घरको जस्तै वातावरण थियो । 'हेरेस्मेन्ट' या 'डोमिनेशन' भन्ने कुरा थिएन । कसैको अधीनमा बस्नु पर्दैनथ्यो र बिस्तारै काम सिकिसकेपछि सामग्री चयनमा पनि आफ्नो विवेक प्रयोग गर्न पाइने भयो । त्यहाँ काम गर्दा केही वर्ष मैले राजनीतिज्ञ तथा अन्य विभिन्न व्यक्तिहरूको अन्तर्वार्ता लिएँ । अन्तर्वार्ता कसको लिने भन्ने विषयमा निर्णय गर्न म स्वतन्त्र थिएँ । समाचारहरूमा पनि स्वतन्त्र विवेक प्रयोग गर्न पाइन्थ्यो । सुरुदेखि नै अरूको मातहतमा रहेर काम गर्नु नपर्ने वातावरण पाएर होला सायद मलाई साप्ताहिक पत्रिकामा टिकिरहन सजिलो भयो । अर्को कारण, पत्रिकाका पाठकहरूको प्रतिक्रिया पनि हो । विभिन्न क्षेत्रका प्रभावशाली व्यक्तिहरूले आफूले गरेको काम (प्रकाशित सामग्री) मा दिएको प्रतिक्रिया र गरेको टिप्पणी यो क्षेत्रमा मलाई टिकाइरहने प्रमुख आधार हुन् । अहिले पनि अखबार प्रकाशित भएको दिन या अघिपछि पाइने प्रतिक्रियाले छुट्टै प्रकारको आनन्द दिलाउँछ । निश्चय नै पहिलेभन्दा दायित्व र तनावहरू बढी छन् तर पनि अनुभव र अभ्यास यसैमा बढी भएर होला, मैले साप्ताहिकभन्दा अन्य मिडियामा आफ्नो सहभागिताको खास कल्पना गरेकी छैन ।

**सरकारी सहयोग, लोककल्याणकारी विज्ञापनका लागि साप्ताहिकहरूले मरिहत्ते गरेको पाइन्छ । विज्ञापन त जसले विक्री वितरण राम्रो गर्छ त्यसले पाउने होइन र ? यसलाई अधिकारकै रूपमा लिन कसरी मिल्छ ?**

सञ्चारमाध्यम व्यवसाय मात्र हो भन्ने कुरामा म विश्वास गर्दिनँ, राज्यको चौथो अङ्ग भन्ने गरिएको सञ्चारमाध्यम निश्चय नै व्यवसाय मात्र हुन सक्दैन । निजी क्षेत्रकै भए पनि पत्रकारिताले राज्यप्रतिको दायित्व पनि निर्वाह गरिरहेको हुन्छ । त्यसैले राज्यले पनि सञ्चारमाध्यमप्रतिको दायित्व निर्वाह गर्नु स्वाभाविक हुन्छ । व्यापारिक प्रयोजनले कसैले आफ्नो उत्पादनलाई बढीभन्दा बढी मानिसहरूको बीचमा लैजान बढी प्रभावकारी सञ्चारमाध्यमलाई रोज्नु अस्वाभाविक होइन । त्यसैले निजी क्षेत्रको विज्ञापन प्राप्त गर्न आफूहरू पनि प्रतिस्पर्धात्मक रूपले अगाडि आउनुपर्छ भन्ने मान्यता म राख्छु । तर सरकारी विज्ञापन भने राज्यले

पारदर्शी ढङ्गले सबै सञ्चार संस्थाहरू संरक्षित हुने प्रकारले वितरण गर्नुपर्दछ। अहिले लोककल्याणकारी भनेर सरकारले निश्चित रकम पत्रपत्रिकालाई उपलब्ध गराउने गरेको छ। लोककल्याणकारी विज्ञापनका रूपमा सहयोग गर्नुभन्दा पनि सरकारी विज्ञापन समानुपातिक आधारमा देशभरका सबै सञ्चारमाध्यमलाई उपलब्ध गराउनु चाहिँ उचित हुन्छ। विज्ञापनबिना सञ्चारमाध्यमहरू जीवित रहन सक्दैनन्। त्यसैले राज्यको विज्ञापनमा प्रेस काउन्सिलले गर्ने वर्गीकरणको आधारमा सबै सञ्चारमाध्यमको समान पहुँच हुनुपर्दछ।

**पत्रिकालाई बजारले नधान्ने अवस्थामा सरकारले आर्थिक सहयोग गर्नु त ठीकै थियो। तर अब त बजार सक्षम भइसकेको छ। फेरि यो सुविधा साँचो रूपमा पत्रकारिता गर्नेले मात्रै नभई विभिन्न पत्रिकाका समाचार जस्ताको तस्तै जोडजाड पारेर नयाँ पत्रिका तयार पार्ने, बजारमा नदेखिने तर प्रेस काउन्सिलको रेकर्डमा मात्रै देखिने पत्रिकाले उछिट्ट्याएको अवस्था पनि त छ नि। यस्तो अवस्थामा पनि यो सहयोगको निरन्तरता सान्दर्भिक देख्नुहुन्छ?**
सहयोगको सान्दर्भिकता एकातिर छ भने विकृति हटाउनु अर्को पक्ष हो। नक्कली सर्टिफिकेट लिएर कसैको मेडिकल प्राक्टिस गरे भन्दैमा चिकित्सा पेशालाई नै गलत भन्नु जसरी अनुचित हुन्छ, पत्रकारितामा देखा परेका विकृतिलाई कारण बनाएर सही कार्य रोक्नु त्यत्तिकै अनुचित हुन्छ। राज्य र पत्रकारिताबीचको सम्बन्ध सुदृढ बढाउन एक-अर्काप्रतिको दायित्व बोध गराउन राज्यको आर्थिक सहयोगले योगदान पुऱ्याउँछ।

**पञ्चायत विरोधी जनाधार तयार पार्नमा साप्ताहिक पत्रिकाको भूमिका उल्लेखनीय थियो र २०४६ को जनआन्दोलन सफल भयो। तर २०६३ को आन्दोलनमा भने साप्ताहिक पत्रिका सहयोगीका रूपमा मात्र रहे, प्रभावकारी भूमिका खेल्न सकेनन्। यस्तो किन भएको होला?**
साप्ताहिक पत्रिकाहरूले २०६३ को आन्दोलनमा सहयोगीका रूपमा मात्रै भूमिका खेलेको भन्ने कुरा म मान्दिनँ। साप्ताहिक पत्रिकाहरूले शाही सैनिकको सम्पादनताका पनि उनीहरूको आँखा छलीछली वा उनीहरूले बुझ्न नसक्ने भाषा प्रयोग गरेर भए पनि राजाको 'कू' को विरोध गरेका छन्। जस्तो *घटना र विचारकै* उदाहरण लिऊँ– शाही सैनिकहरू सम्पादनका निम्ति अखबारको कार्यालयमा थिए। 'कू' गरेको दिन संयोगले मङ्गलबार परेको थियो, भोलिपल्ट अखबार निकाल्नु पर्ने। साँझ हामीले मुख्य समाचार लेख्यौँ– 'एक्काइसौँ

शताब्दीको प्रजातन्त्र प्रारम्भ' शीर्षक आफैँमा कति ठूलो व्यङ्ग्य थियो तर शाही सम्पादकहरूले त्यो बुझेनन् । त्यस्तै अर्को हप्ताको मुख्य शीर्षक बन्यो– 'मुलुक अब स्वर्ग बन्ने' । भित्र अज्ञातका नाममा महावाणी छापियो– 'स्वर्ग भनेको मरेका मानिसहरू बस्ने ठाउँ हो ।' त्यसको अर्को हप्ता भने उनीहरू कस्सिए, "तपाईंहरूले अस्तिको हप्ता हामीलाई झुक्याउनु भएछ । अब त्यसो गर्न दिँदैनौँ ।" यो त सानो उदाहरण मात्रै हो । शाही 'कू' देखि जनआन्दोलनको सफलतासम्मको दूरीमा लोकतन्त्रका निम्ति साप्ताहिक पत्रिकाले खेलेको भूमिका उल्लेखनीय छ । मलाई एउटा रमाइलो त के लाग्छ भने हामीले 'अब निर्णायक आन्दोलन हुने' भनेर धेरै हप्ता समाचार लेख्यौँ । एक दिन त हाम्रो एक जना साथीले भन्नु पनि भयो, "एक वर्षदेखि हामी यही लेखिरहेका छौँ, पार्टीहरूको आन्दोलन झन्झन् सुक्न थाल्यो । पाठकहरूका अगाडि हामी कति दिन बेवकुफ बन्ने ?" मलाई व्यक्तिगत रूपमा सन्तुष्टि नै हुने कुरा चाहिँ के हो भने हामीले २०६३ चैत्र १३ गते मुख्य समाचार लेखेका थियौँ– 'चैतमा तताउने वैशाखमा हटाउने' । मेरो बाइलाइन मुख्य समाचार थियो त्यो । नभन्दै त्यस्तै भयो । चैतमा आन्दोलन तात्यो र वैशाखमा राजालाई हटाइयो । समग्रमा भन्नुपर्दा २०६३ को जनआन्दोलनमा साप्ताहिक पत्रिकाको योगदान न्यून छ भनियो भने त्यो साप्ताहिक पत्रिकाहरूप्रति अन्याय हुन जान्छ ।

**साप्ताहिक पत्रिकामा दलीय राजनीतिक अधिक हुने गरेको पाइन्छ । अधिकांश साप्ताहिक पत्रिकासँग कुनै न कुनै राजनीतिक दलीय आवद्धता पाइन्छ । पत्रिका नै कुनै दलविशेषसँग नजिकिएपछि निष्पक्ष, वस्तुनिष्ठ, जिम्मेवार बन्न कसरी सकिन्छ त ?**

साप्ताहिक पत्रिकाहरू विचार, विश्लेषण प्रधान हुने हुँदा विचार निष्पक्ष हुँदैन भन्ने मान्यताको प्रभाव पत्रपत्रिकामा देखिन सक्छ । कतिपय साप्ताहिक पत्रिकाहरू दलको मुखपत्रकै रूपमा प्रकाशित हुने गरेका छन् । तर हामी हरेक पक्षको राम्रा कुराहरूको सह्राहना गर्न र नकरात्मक पक्षको आलोचना गर्न कहिल्यै चुकेका छैनौँ । हामी कुनै पनि व्यक्ति वा दल विशेषलाई निरपेक्ष रूपमा हेर्दैनौँ । तर यति भन्दाभन्दै पनि लोकतान्त्रिक मान्यताबाट निर्देशित भएको हुनाले लोकतान्त्रिक विचार राख्ने दल र व्यक्तिहरूसँग नजिक हुनु अस्वाभाविक होइन । हामी मात्र होइन, वामपन्थी भनेर चिनिएकै अखबारहरूले पनि कतिपय वामपन्थी नेताहरूकै नकारात्मक क्रियाकलापहरूको टीकाटिप्पणी गरिरहेको पाइन्छ । कुनै दलसँग निकट भए पनि तिनको आलोचना नै नगर्ने प्रवृत्ति भने पत्रिकाहरूमा छैन ।

एमाले निकट भनेर चिनिने *जनआस्था, दृष्टि* वा *साँघु* साप्ताहिकहरूमा प्रकाशित एमाले निकटका व्यक्तित्वहरूकै बारेमा गरिएका टिप्पणीहरू त्यसका उदाहरणहरू हुन् ।

**एउटै पार्टीभित्र पनि विभिन्न गुट र उपगुटका पक्षधर भएकाले त्यस्तो टिप्पणी आएको जस्तो लाग्दैन तपाईंलाई ?**
विचारमा कसैले कसैलाई एक ठाउँमा बाँधेर राख्न सक्दैन, तर कसैका लागि 'प्रयोग' नै हुनुचाहिँ गलत हो ।

**साप्ताहिक पत्रपत्रिकामार्फत् दलीय राजनीति गर्ने र त्यसलाई भऱ्याङ बनाई लाभको राजनीतिक नियुक्ति हात पार्ने गरेका उदाहरण पनि निकै छन् । यसबारे तपाईंको के मूल्याङ्कन छ ?**
यो प्रश्न त मलाई अँध्यारोमा हानिएको तीर जस्तो लाग्यो । साप्ताहिक पत्रिकासँग सम्वद्ध पत्रकारहरूले राजनीतिक नियुक्तिहरूमा लोभ गरेको देखिएको छैन । बरु कुनै समय पत्रकारितामा रहेका नाममा नियुक्ति खोज्नेहरू चाहिँ लामवद्ध देखिन्छन् । अहिलेसम्म राजनीतिक नियुक्ति पाएका पत्रकारहरूको सङ्ख्या हेर्ने हो भने साप्ताहिक सम्वद्ध पत्रकारहरू धेरै देखिएका छैनन् ।

**साप्ताहिक पत्रिकामा दलीय राजनीतिबारे अध्ययन गरेका तिलक पाठक (२०६४) ले *मिडिया अध्ययन २* मा पत्रकारले व्यक्तिगत लाभका पद प्राप्त गरेका केही उदाहरण दिनुभएको छ । त्यहाँ उल्लेख भएका नामहरू हरिहर विरही, गेजा शर्मा, तेजप्रकाश पण्डित, कुन्दन अर्याल, किशोर श्रेष्ठ, सूर्य थापा आदि हुन् र प्रेस काउन्सिल अध्यक्ष, सदस्य, गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष, रेडियो नेपालको घटना र विचार कार्यक्रम प्रमुख, मन्त्री वा प्रधानमन्त्रीको प्रेस सल्लाहकारका रूपमा उहाँहरूले काम गरेको सन्दर्भलाई राजनीतिक निकटताको कारण भएको व्यक्तिगत लाभको रूपमा पाठकले चित्रण गरेका छन् । यसलाई तपाईं कसरी हेर्नुहुन्छ त ?**
सञ्चार क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई कुनै सरकारले सञ्चार क्षेत्रकै जिम्मेवारी दिन्छ भने त्यसलाई धेरै अस्वाभाविक भन्नु हुँदैन जस्तो लाग्छ ।

**गालीगलौंज, मनोगत आक्षेप र लाञ्छना नेपाली साप्ताहिक पत्रिकामा पढ्न पाइन्छ । जसलाई आक्षेप लगाइएको हो त्यसको भनाइ भने ती रिपोर्टिङले**

**समेटेका हुँदैनन् । श्रीषा कार्की प्रकरण साप्ताहिक पत्रिकाले गर्ने रिपोर्टिङको एउटा नराम्रो उदाहरण हो । यस्ताखाले रिपोर्टिङ किन भइरहेका होलान् ?**
प्रश्नले सबै साप्ताहिकलाई एउटै तराजुमा राखेर तौलन खोजेको छ । तर आरोप केही हदसम्म सही पनि छ जसलाई साप्ताहिक पत्रिकाको ठूलो समस्याको रूपमा लिनुपर्दछ । म स्वीकार गर्छु कि साप्ताहिक पत्रिकाहरूले आफूलाई परिमार्जित गर्नु आवश्यक छ । हामीले आफूलाई जिम्मेवार र विश्वसनीय बनाउनु जरुरी छ ।

**पत्रकारितामा समाचारका लागि स्रोतको महत्त्वपूर्ण भूमिका हुन्छ र स्रोतले आफ्नो नाम सार्वजनिक गर्न नचाहेमा त्यसलाई गोप्य नै राखिनुपर्छ । तर त्यसो भन्दैमा 'सूत्रका अनुसार' भन्ने वाक्यांश राखेर जे पनि लेख्न पाइने हो त ?**
पाइँदैन भन्ने कुरामा म विश्वास गर्छु तर कानुनी क्षेत्रमा जस्तो सबै तथ्य प्रमाण स्रोत उल्लेख गरेर समाचार बनाइँदैन । सम्पूर्ण प्रमाण अगाडि राखेर समाचार लेख्न थाल्यो भने अहिले जे जति मुद्दाहरू उठेका छन् त्यति कुराहरू बाहिर आउन असम्भव नै हुन्छ । जे पनि लेख्न पाइँदैन तर कतिपय यस्ता कुराहरू हुन्छन् जहाँ स्रोत खोल्न मिल्दैन र सकिँदैन ।

***घटना र विचार*लाई पनि २०६२।२।१८ को अङ्कमा प्रकाशित एक समाचार आचारसंहिता विपरीत भएको भनी प्रेस काउन्सिलको अनुगमन एकाइले पत्राचार गरेको थियो । यस्तो किन हुन्छ ?**
यसमा हामीले त्यति बेला नै कडा आपत्ति जनाएका थियौँ । त्यति बेला राजाको शासन थियो र प्रेस काउन्सिल पनि त्यस्तै थियो । माओवादीको विरोध गर्ने नाममा डाँकुहरूलाई प्रयोग गर्न प्रशिक्षण दिइएको समाचार थियो त्यो । एउटा हिंसा नियन्त्रण गर्ने नाममा अर्को आपराधिक समूहलाई प्रोत्साहन गर्न नमिल्ने कुरा समाचारमा उल्लेख गरिएको थियो । नवलपरासीमा भएको उक्त घटनाबारे हामीले अखबारमा लेखेर पटक पटक विरोध गर्‍यौँ, पाठकलाई जानकारी दियौँ । तत्कालीन सत्ताले त्यसलाई आफू विरुद्धको समाचार ठान्यो । त्यति बेला हामीलाई उक्त समाचार पत्रकारिताको आचारसंहिता विरुद्ध भयो भनेर सचेत गराइएको होइन, सचेत गराउने नाममा हाम्रा विरुद्ध नलेखियोस् भनेर चेतावनी दिइएको थियो ।

**अहिले नेपाली प्रेसको स्वतन्त्रताको अवस्था कस्तो छ ? यसमाथि कस-कसबाट खतरा छ ? यसलाई सुनिश्चित गर्न के गर्नुपर्ला ?**

अहिले पत्रकारिता क्षेत्र सैद्धान्तिक रूपले पूर्ण स्वतन्त्र छ। राज्यले स्वतन्त्र पत्रकारितालाई व्यवधान पैदा गर्न खोजेको छैन । तर यति बेला पत्रकारिता क्षेत्र अज्ञात भयबाट ग्रस्त छ। को कतिबेला कुन समाचार लेखेबापत कसको आक्रमणको शिकार हुने हो वा बन्नुपर्ने हो यसै भन्न सक्ने अवस्था छैन । यस दृष्टिले शाही शासन कालमा भन्दा पनि अहिले बढी त्रासपूर्ण अवस्था छ । त्यति बेला त शत्रु को हो देखिन्थ्यो, कसबाट मिडियालाई खतरा छ भन्ने कुरा थाहा थियो तर अहिले शत्रु को हो भनेर थाहा नपाउने अवस्था छ । विभिन्न हिंसात्मक समूहहरूको उदय र वृद्धिसँगै प्रेस स्वतन्त्रताको स्थिति पनि जोखिममा परेको छ । प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्नका लागि मुलुकमा राजनीतिक स्थिरता र लोकतन्त्र सुदृढीकरणको अवस्था हुनुपर्दछ ।

**समाचारलाई लिएर ज्यान मार्ने धम्की आइरहन्छ भनेर तपाईंले *नेपाली महिला सञ्चारकर्मीको अवस्था* पुस्तकमा लेख्नुभएको छ। कस्तो अवस्थामा धम्की आउँछ ? त्यसलाई कसरी तर्काउनुहुन्छ ?**

समाचारको विषयलाई लिएर पटक पटक ज्यान मार्ने धम्की आउनु पत्रकारिता क्षेत्रका मानिसका लागि सामान्य कुरा झैँ बन्दै गएको छ । यो अवस्था पहिलाभन्दा अहिले अझ बढेको छ। जब कसैले लुकाइरहेको र लुकाउन चाहेको नकारात्मक कुरा अखबारबाट सार्वजनिक हुन्छ त्यति बेला सम्बन्धित पक्ष निकै क्रोधित बन्दछ । त्यसपछि समाचारको खण्डन गर्नेतिर भन्दा पनि सम्बन्धित पत्रकारलाई धम्क्याउने र तर्साउने कार्य बढी हुँदो रहेछ। यस्तो हामीले धेरै पटक सामना गरेका छौँ । २०६० साल मङ्सिर २६ गतेको घटना त्यसको एउटा उदाहरण हो । उक्त दिनको पत्रिकामा 'किन निकालिए विवेक शाह ?' भन्ने शीर्षकमा प्रमुख समाचार प्रकाशित भएको थियो । समाचार भरखरै बर्खास्त गरिएका तात्कालीन सैनिक सचिव विवेक शाहको बर्खास्तीबारे थियो । यो समाचारलाई लिएर मलाई टेलिफोनमा धेरै पटक धम्की आयो । बाँच्ने भए बासस्थान छोडेर अन्तै जानसम्म भनियो । एकातिर अज्ञात व्यक्तिहरूले त्यसरी तर्साए भने अर्कोतिर समाचार प्रकाशित भएको भोलिपल्ट आर्मी हेडक्वाटरले मलाई सोधपुछका नाममा बोलाएर समाचारको स्रोत खोल्न दबाब दियो । मैले त्यति बेला "तपाईंहरूको कारवाही के हुने हो प्रक्रिया अगाडि बढाउनुस् तर म समाचारको स्रोत भन्न सक्दिनँ" भने । समाचारमा उल्लिखित 'शाही नेपाली सेनाबाट माओवादीहरूले एम-१६ हतियार लुटेर लगेको' भन्ने

कुरालाई सेनाले गम्भीर आपत्ति जनाउँदै सेनाद्वारा “सबै एम-१६ हतियार हामीसँग छ । तपाईंले कसरी लेख्नु भो ?” भनी पटक पटक प्रश्न गरिएको थियो । डेढघण्टाको सवाल-जवाफपछि सेनाले बोलाएको बेला हेडक्वाटर पुग्ने सर्तमा मलाई फर्काइएको थियो । उक्त समाचारलाई लिएर त्यसपछि पनि सेनाको कार्यालयबाट मलाई पटक पटक टेलिफोन गरियो । तर त्यसको करिब २ महिनापछि जनवरी २, २००४ को *नेपाली टाइम्स*मा ‘एम-१६ इन माओइस्ट ह्याण्ड्स’ शीर्षकमा माओवादीको हातमा रहेको हतियारको फोटोसहितको समाचार प्रकाशित भएपछि भने सैनिक हेडक्वाटरबाट मलाई फोन आउन छोड्यो । त्यसअघि उनीहरूले मलाई फोन गरेपिच्छे समाचारको स्रोत भन्नुस्, हामी तपाईंलाई केही गर्दैनौँ भन्ने गर्थे । तर मैले सधैँ एउटै जवाफ दिएँ, “तपाईंहरू कारवाहीको प्रक्रिया अगाडि बढाउनुस् तर म स्रोत भन्न सक्दिनँ ।”

मलाई पहिलो दिन (नोभेम्बर १३, २००३) आर्मीले डेढघण्टा सोधपुछ गरेपछि भोलिपल्ट पत्रपत्रिकाहरूमा सोधपुछ गरेको घटनाबारे समाचार प्रकाशित भयो । नेपाल पत्रकार महासङ्घले उक्त कुराको विरोध गर्दै विज्ञप्ति निकाल्यो । सोधपुछ गरिएको र समाचारको स्रोत खोल्न दबाब दिइएको समाचार पत्रपत्रिकामा आएपछि आर्मी हेडक्वाटरबाट मेजर अनिल मल्लले फेरि फोन गरे जसले पहिलो दिन फोन गरेर “तपाईं आउनुहुन्छ भने आफैँ आउनुस् । हामी लिन आउनुपर्‍यो भने राम्रो हुँदैन” भनेका थिए । त्यस दिन टेलिफोनमा उनले भने, “तपाईं आफूलाई के भन्ठान्नु हुन्छ ? पत्रपत्रिकामा समाचार छपाउनु भएछ, समाचार छापिँदैमा हामी छोड्दैनौँ । अब सोमबार २ बजे आउनुस् ।” सोमबार दिइएको समयमा म पुगेँ । मेजर अनिलले कडा स्वरमा भने, “यो म्याटर कति गम्भीर हो भन्ने कुरा तपाईंलाई थाहा छ ?” मेरो जवाफ थियो, “त्यसैले त मुख्य समाचार बन्यो ।” उनी रीसले चूर भए, “तपाईंले किन सेनाले दबाब दिएको भनेर प्रचार गर्नु भो ? दबाब कस्तो हुन्छ देखाई दिऊँ ? दबाब यस्तै हुन्छ ?” त्यसदिन मलाई आज चाहिँ नछोड्ने रै’छ जस्तो लागेको थियो । तर पछि “अहिले जानुस् । पछि पुनः बोलाउँछौँ” भनेर छोडियो । बिहीबार मलाई सोधपुछ गर्ने कर्णेल सुवर्ण शाहको बोली भने नरम र सामान्य थियो । तर मेजरको धम्कीपूर्ण शब्द र लवजले मभित्र एक प्रकारको मानसिक त्रास उत्पन्न गरेको थियो । बोली फेरिएला कि भन्ने आशामा सायद उनी मलाई एउटै प्रश्न पटक पटक गर्थे । कतिपय शुभेच्छुकहरूले मलाई घरमा नबस्ने सुझाव पनि दिए । त्यति बेला प्रधानमन्त्री सूर्यबहादुर थापा हुनुहुन्थ्यो, दोस्रो पटकको प्रत्यक्ष बयान (नोभेम्बर १७, २००३) को साँझ प्रधानमन्त्रीका प्रेस सल्लाहकार किरण गिरीले फोन गरेर

"प्रधानमन्त्रीज्यूले तपाईंलाई कुनै प्रकारको त्रास नलिनु भन्नु भएको छ" भनेपछि मैले ठूलो राहत महसुस गरेकी थिएँ ।

समाचारमा विवेक शाह प्रकरणमा अन्य केही मानिसहरूको नाम पनि परेको थियो । टेलिफोनबाट धम्क्याउने चाहिँ उनीहरूका मान्छे हुन् भन्ने लाग्छ मलाई । विवेक शाहजीले पछि त्यो समाचारलाई लिएर जिल्ला अदालतमा मुद्दा पनि हाल्नुभयो र काठमाडौं जिल्ला अदालतको २०६१ भदौ ४ गतेको फैसलाले हामीले मुद्दा जित्यौँ पनि । अखबारमा आएका सामग्रीलाई लिएर अदालतमा मुद्दा कहिलेकाहीँ पर्छन् तर यस मुद्दाअघि म आफैँ चाहिँ अखबारमा प्रकाशित सामग्रीलाई लिएर कहिल्यै अदालत गएकी थिइनँ । त्यो समाचार सही थियो, जसलाई लिएर जहाँ बयान दिनु परे पनि म सय प्रतिशत विश्वस्त थिएँ । मेरो समाचार स्रोतमाथि मलाई त्यति विश्वास थियो । तर समाचार स्रोतमाथि भरपर्दा कहिलेकाहीँ गलत सूचना प्रवाह भएको घटना पनि हामीले बेहोरेका छौँ । त्यस्तो बेलामा अत्यन्त ग्लानि हुने गर्दछ । कसैले व्यक्तिगत रिसइवी साँध्न अखबारलाई प्रयोग गर्ने चलन पनि हामी कहाँ त्यत्तिकै छ । प्रकाशित समाचारको सम्बन्धमा एउटा रोचक पक्ष चाहिँ के छ भने कसैको बारेमा कुनै समाचार छापिँदा गलत समाचार छापिएकाहरू (साँच्चिकै मर्कामा परेकाहरू) समाचार गलत हो भन्ने प्रमाणसहित खण्डन गर्न आउँछन् । कतिले प्रमाण नल्याए पनि खण्डन गरिदिनुपर्‍यो भन्छन् । सही समाचार छापिनेहरू भने पहिला धम्क्याउँछन्, तर्साउन खोज्छन् र अन्तमा समाचारको स्रोत खोल्नका लागि दबाब दिन्छन् । वास्तविक समाचार हो कि होइन भनेर कतिपय अवस्थामा उनीहरूको व्यवहारबाटै प्रस्ट हुन सकिन्छ । प्रायः धम्क्याउनेहरूले अन्तिममा एउटै कुरा भन्ने गर्छन्– "समाचार कसले दिएको हो भनिदिनुस्, खण्डन गर्नुपर्दैन ।" यस्ता थुप्रै घटनाहरूको सामना मैले गरेकी छु ।

**गल्तीपूर्वक या नियतवश गलत समाचार छापिएपछि पत्रिकाले गर्ने भनेको खण्डन हो। समाचार प्रमुखता साथ छापिन्छ तर खण्डन छापियो नै भने पनि भित्री पृष्ठमा छापिन्छ। समाचारका कारण मर्कामा परेकाहरू निरूपाय हुन्छन्। यस्तो घटना नेपाली पत्रकारितामा बढ्दै गएको पाइन्छ। यसको निदान के हुन सक्ला ?**

पत्रकार र पत्रकारितालाई बढीभन्दा बढी जिम्मेवार विश्वसनीय बनाउन आवश्यक छ भन्ने कुरा यही सन्दर्भसँग जोडिन आउँछ । जिम्मेवार पत्रकारिता नै सायद यसको निदान हो तर कहिलेकहीँ समाचार स्रोतमा भर पर्दा पनि यस्ता घटनाहरू

हुन सक्छन् । त्यसैले एउटा स्रोतमा मात्र भर नपरेर त्यसको पुष्टिका धेरै ओटा स्रोतहरूमार्फत आधारहरू भेटिएपछि मात्रै समाचार प्रकाशित गऱ्यो त्यो अवस्था रहँदैन वा कम हुन्छ । नियत नै खराब छ भने त के लाग्छ र ?

**तपाईं त सञ्चारिका समूह नेपालको अध्यक्ष पनि हुनुहुन्छ। यसले के काम गर्छ ? दसवर्षे उमेरमा यसले के उपलब्धि हासिल गऱ्यो त ?**

सञ्चारिका समूह महिला पत्रकार तथा सञ्चारकर्मीहरूको संस्था हो जसले महिला र सञ्चारको क्षेत्रमा काम गर्दछ । सञ्चारिकाले मूलतः दुईओटा उद्देश्यबाट निर्देशित भएर काम गरिरहेको छ– एक, सञ्चार क्षेत्रमा महिलाको सहभागिता र दोस्रो, सञ्चारमाध्यममा महिलाका मुद्दाहरूको वकालत ।

उद्देश्यअनुरूप हामीले सञ्चार क्षेत्रमा महिला सहभागिताका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू गरिरहेका छौँ । विशेषगरी फिचर लेखन तालिममा हामीले जोड दिएका छौँ । पूर्णकालीन पत्रकार नभए पनि फिचर लेख्न सकिने भएकाले महिलाहरूलाई फिचर लेखनमार्फत नाम स्थापित गर्न र विभिन्न मुद्दाहरू उठाउन सजिलो हुने ठानी हामीले फिचर लेखन तालिममा जोड दिएका हौँ । साथमा मासिक सञ्चारिका फिचर सर्भिस पनि प्रकाशित गरिरहेका छौँ, जहाँ प्रत्येक महिना महिलाहरूद्वारा लिखित सातओटा लेखहरू प्रकाशित गरिन्छ । यसले महिलाहरूलाई लेख्ने फोरम प्रदान गरिरहेको छ। यो फिचर सर्भिस देशव्यापी रूपमै प्रकाशित हुने प्रायः सबै अखबारका कार्यालयहरूमा पठाउने गरिएको छ । विभिन्न पत्रपत्रिकाहरूले यसका लेखहरू पुनः प्रकाशन गर्ने गर्दछन् । विशेषगरी राजधानीबाहिर यसले सामग्रीका हिसाबबाट ठूलो मद्दत गरेको पत्रकार साथीहरूको भनाइ छ। प्रभावका दृष्टिकोणले पनि यसले विभिन्न मुद्दाहरू उठाएर विशेषगरी महिलाका मुद्दामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । फिचर लेखन तालिमबाट हामीले महसुस गरेको कुरा के हो भने महिलाहरूलाई आधारभूत पत्रकारिता तालिमको खाँचो छ । उनीहरूले यो कुराको आवश्यकताबोध पनि गरेका छन् र हामीलाई पनि त्यो महसुस भएको छ ।

महिलाका मुद्दाहरूको उठानको कुरा गर्दा महिलाका मुद्दालाई राष्ट्रिय बहसको विषय बनाउनमा सञ्चारिका समूहको भूमिका उल्लेख्य छ जस्तो लाग्छ । सम्पत्तिमा महिलाको अधिकारदेखि लिएर वैदेशिक रोजगारमा महिला सशक्तीकरण, महिलाविरुद्ध हुने हिंसा, नीति निर्माण तहमा महिला सहभागिता हुँदै शान्तिप्रक्रियामा महिलाको अर्थपूर्ण सहभागितासम्ममा हामीले जोड दिएका छौँ र बहस चलाएका छौँ । दस वर्षमा यसको प्रमुख उपलब्धि भनेको मूलतः

सञ्चारमाध्यममा महिला सहभागितामा वृद्धि र महिलाका मुद्दाहरूको मूल प्रवाहीकरण नै हो । सञ्चारमाध्यममा महिलाको सङ्ख्यात्मक वृद्धि सँगसँगै गुणात्मक वृद्धि अहिलेको आवश्यकता हो । सङ्ख्यात्मक वृद्धिको सवालमा पनि सञ्चारिका नै प्रमुख कारण हो भनेर मैले भन्न खोजेको होइन तर हामीले उठाएका आवाजले धेरै महिलाहरूलाई आत्मबल मिलेको छ । केही पर्‍यो भने सञ्चारिका छ भन्ने महसुस महिला पत्रकार र सञ्चारकर्मीले गर्न सक्छन् । हिजो हामीले पत्रकारिता सुरु गर्दा महिला पत्रकारको सशक्तीकरणका बारेमा चर्चासम्म थिएन । तर अहिले त्यस्तो छैन । हामीले सञ्चारमाध्यममा दुवै कुरा– महिलाको प्रत्यक्ष सहभागिता र महिलाका मुद्दा –लाई एक साथ अगाडि बढाइरहेका छौँ । समग्रमा भन्नुपर्दा पत्रकारितामा महिलाहरूको आत्मसम्मान बढाउने र महिलाका मुद्दालाई राष्ट्रिय बहसको विषय बनाउनु नै यो दस वर्षको उपलब्धि हो ।

**सञ्चारिकाले सन् २००४/०५ मा गरेको 'सञ्चारको मूल प्रवाहमा लैङ्गिक समानता' विषयक सञ्चार अनुगमनमा तपाईं नै संलग्न हुनुहुन्थ्यो। कस्तो पाउनुभयो त नेपाली सञ्चार क्षेत्रको अवस्था ? अहिले केही परिवर्तन भएको अनुभव गर्नुभएको छ कि ?**

हो सञ्चारको मूल प्रवाहमा लैङ्गिक समानताको विषयलाई लिएर गरिएको सञ्चार अनुगमनमा म नै संलग्न थिएँ । सञ्चारिका समूहले सन् १९९७ देखि नै सञ्चार अनुगमन गरिरहेको छ । विशेषगरी छापा माध्यममा हामी केन्द्रित छौँ । नेपाली छापालाई नियाल्दा सन् १९९७ देखि २००७ सम्मको यो दस वर्षको यात्रामा ठूलो परिवर्तन आएको छ । पहिला बलात्कार, बेचविखन लगायतका पीडितको 'क्लोजअप' तस्बिरहरू नाम र ठेगानासहित छापिन्थे, अहिले तस्बिरको त कुरै भएन नाम, थर पनि परिवर्तन गरेर प्रकाशित हुने गरेका छन् । मिडियाले महिलामाथि हुने विभिन्न प्रकारका हिंसादेखि लिएर सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको असर हुँदै भेदभावका अनेकौँ शृङ्खलाहरू प्रकाशित गरेका छन् । अन्धविश्वासले जरो गाडेका कतिपय गाउँमा पनि बोक्सीको आरोप लगाउनु लाजमर्दो कुरा हो, शरमको विषय हो भन्ने मान्यता स्थापित हुँदै गएको छ । यस्तो हुनुमा मिडियाकै योगदान छ । महिलाका मुद्दालाई स्थान दिने कुरामा अन्य देशको तुलनामा नेपाली मिडिया निकै अगाडि छन्, चाहे त्यो छापा होस् या विद्युतीय । तर सञ्चारको मूल प्रवाहमा आउने सामग्रीहरूलाई लैङ्गिक दृष्टिकोणले हेर्दा भने यसमा ठूलै खाडल भेटिएको छ । प्रायः प्रमुख समाचारको विषय बन्ने राजनीति, द्वन्द्व, शान्ति प्रक्रिया, सुरक्षा, अर्थतन्त्र जस्ता कुराहरूमा

महिलाका 'कोट' हरू न्यून मात्रामा भेटिन्छन् । राजनीतिक व्यक्तिहरूले व्यक्त गरेका विचार नै समाचार बन्ने गरेको सन्दर्भमा महिलाको 'कोट' नपर्नुलाई म त्यत्ति आश्चर्यजनक र अनौठो मान्दिनँ । राजनीतिको कुरा गर्दा आठ पार्टीका शीर्ष नेताहरू सबै पुरुष, विचार व्यक्त गर्ने उनीहरू नै, शान्ति प्रक्रियामा संलग्न महत्त्वपूर्ण भूमिकामा पुरुषहरू नै, सरकारका प्रवक्ता पुरुष, राजनीतिक पार्टीहरूका प्रवक्ता, मन्त्रालयका प्रवक्ता र सरकारी कार्यालयका प्रमुखहरू पुरुष, नागरिक समाजका अगुवा भनिनेहरू पुरुष अनि यस्तो अवस्थामा सञ्चारको मूल प्रवाहमा महिलाको 'कोट' आएन भनेर गुनासो गर्नु त्यति उचित हुँदैन कि जस्तो मलाई लाग्छ । महिलालाई समाचारको 'कोट' राख्ने हैसियतमा पुऱ्याउनु चाहिँ अहिलेको चुनौती हो । समग्रमा भन्दा नेपाली मिडियामा लैङ्गिक समानताको सवाल आलोचना गर्नुपर्ने प्रकारको छैन ।

**सञ्चारिका समूहको अबको योजना के हो ? अबका पाँच वर्ष या दस वर्षमा पत्रकारितामा महिलाको अवस्था यस्तो हुनेछ भन्ने केही ठोस योजना छ कि तपाईंसँग ?**

सञ्चारिका समूहको भावी योजना भइरहेको कार्यलाई निरन्तरता दिँदै नयाँ विषयहरूमा प्रवेश गर्नु हो । विगतमा हामीले धेरै मुद्दाहरू उठायौँ । अब सुरक्षा, परराष्ट्र, कुटनीतिक, प्रशासनिक क्षेत्रमा महिलाको सहभागितालाई पनि त्यत्तिकै महत्त्व दिनुपर्ने महसुस हामीले गरेका छौँ । सुरक्षा क्षेत्रमा महिलाको न्यून सहभागिता छ । नेपाली सेनामा १.६ प्रतिशत महिला छन् भने नेपाली प्रहरीमा ३.३३ प्रतिशत महिलाहरू छन्, कुटनीतिक क्षेत्रमा त झनै कम । महिला र सुरक्षाको कुरा गर्दा सुरक्षाको क्षेत्रमा महिलाको सहभागिता र महिलाको सुरक्षा दुवै कुरा पर्न आउँछन् । शान्ति प्रक्रियाका हरेक चरणमा महिलाको सहभागिता त्यत्तिकै महत्त्वपूर्ण छ । यता कुटनीतिक सेवामार्फत विभिन्न राष्ट्रसँगको सम्बन्ध विस्तार गर्नुका साथै देशको आर्थिक, पर्यटन आदि क्षेत्रको विकास र विस्तारमा महिलाले भूमिका निर्वाह गर्न पाउनुपर्दछ । यी कुराहरू सञ्चारिका समूहले उठाउने मुद्दाभित्र पर्छन् ।

पत्रकारितामा महिलाको कुरा गर्दा सञ्चारमाध्यमहरूमा महिलाको सहभागिता सङ्ख्यात्मक र गुणात्मक दुवै रूपले वृद्धि गर्ने कार्यक्रमहरू अगाडि बढाइरहेका छौँ, यसमा क्षमता अभिवृद्धि र अवसरको खोजी दुवै पर्दछन् । महिलाहरूलाई पत्रकारिताको तालिम दिएर अथवा भनौँ, क्षमता अभिवृद्धि गराएर मात्रै पनि भएन । उनीहरूले त्यो क्षमताको उपयोग गर्ने अवसर पाएनन् भने तालिमले

मात्रै कुनै परिवर्तन नआउने देखेर सञ्चारसंस्थाहरूसँग महिलालाई अवसर दिने सम्बन्धमा छलफल गरिरहेका छौँ । यसमा विशेषगरी दैनिक पत्रपत्रिका, टेलिभिजन च्यानलहरू र एफएम स्टेसनहरू पर्दछन् । यता सरकारी सञ्चारमाध्यममा महिला सञ्चारकर्मीलाई स्थान दिनुपर्ने कुरामा सञ्चारमन्त्री र सञ्चार सचिवको स्तरमा हामीले मागहरू राखेका छौँ । राजधानीलगायत जिल्लामा राखिने रिपोर्टरहरू, स्ट्रिङ्गरहरूमा पनि महिला सञ्चारकर्मीहरूले स्थान पाउनुपर्ने माग सरकारी सञ्चारमाध्यमका प्रमुखहरू समक्ष पनि गर्दै आएका छौँ । आगामी दिनमा पनि महिला पत्रकारका निम्ति क्षमता अभिवृद्धिका कार्यक्रम तथा अवसरको खोजी जारी रहने छ । यति प्रतिशत नै भनेर त म तोक्न सक्दिनँ तर आगामी दस वर्षमा पत्रकारितामा महिलाहरूको प्रवेश र योगदानले ठूलो फड्को मार्नेछ ।